बागमती प्रदेश सरकार
# प्रदेश नीति तथा योजना आयोग
हेटौंडा, मकवानपुर, नेपाल

अधिकृत स्तर
नवौं तह

मिति २०८१/११/०८

प्रदेश विकास जर्नलका अङ्क ५ का लागि

## लेख/रचना उपलब्ध गराउनेबारे सूचना

प्रदेश नीति तथा योजना आयोग, बागमती प्रदेशले **प्रदेश विकास जर्नल**को पाचौं अङ्क प्रकाशन गर्दैछ । तसर्थ, सबै इच्छुक लेखकहरूलाई आफ्ना अमूल्य अनुसन्धानमूलक लेखहरू यही चैत्र १५, २०८१ (मार्च २८, २०२५) सम्ममा इमेल ठेगाना pradeshyojanahtd@gmail.com मा पठाउनु हुन आयोग हार्दिक अनुरोध गर्दछ । लेखकको रचना आफ्नो विशेषज्ञता अनुसार शासकीय सुधार, राजस्व परिचालन, पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, खाद्य सुरक्षा, पोषण, श्रम तथा रोजगारी, सामाजिक(आर्थिक सशक्तिकरण, उद्यमशीलता प्रवर्धन, खानेपानी, ऊर्जा, सिँचाइ, कृषि तथा पशुपक्षी विकास, वन, वातावरण, जलवायु परिवर्तन, विपद व्यवस्थापन, युवा तथा खेलकुद, भूमि व्यवस्था, सहकारी, गरिबी निवारण, उद्योग, वाणिज्य, आपूर्ति, संस्कृति, पर्यटन, तथ्याङ्क व्यवस्थापन, योजना तर्जुमा, योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन आदि मध्ये कुनै विषयमा केन्द्रित हुनु पर्नेछ । बागमती प्रदेश सरकारका विकास गतिविधिहरू र विद्यमान क्षेत्रगत नीति तथा योजनाहरूको कार्यान्वयन र तिनको प्रभावकारिताको विश्लेषण गरिएका लेखहरूलाई प्राथमिकता दिइने छ ।

लेख तयार गर्नु अघि लेखकहरूका लागि तयार पारिएको मार्गदर्शन यस आयोगको वेबसाइटबाट डाउनलोड गरेर वा माथि उल्लेखित इमेल ठेगानाबाट प्राप्त गरेर अध्ययन गर्नुहुन सादर अनुरोध छ।

धन्यवाद
सम्पादक, प्रदेश विकास जर्नल

टेलिफोन ०५७-५२५१३१/५२३६८९/५२४८४५, Email: pradeshyojanahtd@gmail.com, Website:http://pppc.bagamati.gov.np

बागमती प्रदेश सरकार

# प्रदेश नीति तथा योजना आयोग

हेटौंडा, मकवानपुर, नेपाल

## लेखकहरूका लागि मार्गदर्शन

अधिकृत स्तर
नवौं तह

### १. सम्पादन प्रक्रिया

लेखको तयारी र पेश गर्नु अघि यो मार्गदर्शन अध्ययन गर्नुहुन सबै लेखकहरूमा सादर अनुरोध छ। सम्पादनको सिलसिलामा सम्पादक मण्डलले लेखकबाट प्राप्त पाण्डुलिपिको ढाँचाको जाँच गर्नेछ र यदि आवश्यक छ भने सम्बन्धित लेखकलाई परिमार्जनको लागि अनुरोध गर्नेछ। तत्पश्चात्, छनौट गरिएको लेखलाई गहन समीक्षाको निम्ति अघि बढाइनेछ। सम्पादक मण्डलले उक्त लेखलाई सम्बन्धित विषयको समीक्षकलाई निष्पक्ष समीक्षा (ब्लाइन्ड पियर रिभ्यु) को लागि पठाउनेछ र समीक्षकको प्रतिक्रियालाई समावेश गरी एक हप्ताभित्र फर्काउनको लागि सम्बन्धित लेखकलाई अनुरोध गर्नेछ। त्यसपछि सम्पादक मण्डलले उक्त लेखलाई प्रकाशनको निम्ति छनौट गर्नेछ। जर्नलमा प्रकाशित हुने लेखको गुणस्तर सुनिश्चित गर्न सम्पादक मण्डल जिम्मेवार हुनेछ ।

### २. पाण्डुलिपि र प्लेजरिजम

पाण्डुलिपि पठाउनु अघि, यदि आवश्यक छ भने, लेखकले सम्बन्धित आधिकारिक संस्था र सह(लेखकहरूको अनुमति लिनुपर्नेछ। अन्यत्र प्रकाशित चित्र, तालिका वा परिच्छेदहरू समावेश गर्न आवश्यक भएमा त्यसको प्रतिलिपि अधिकार भएका व्यक्ति वा संस्थाबाट अनुमति लिनु पर्नेछ। लेख मौलिक हुनु पर्नेछ। पाँच प्रतिशत भन्दा कम प्लेजरिजम भएको लेखलाई स्वीकार गर्न सकिनेछ ।

### ३. लेखको सामान्य खाका

लेखको सामान्य खाका देहाय बमोजिम हुनु पर्नेछः

शीर्षक

सारांश

प्रमुख शब्दहरू

१. परिचय

२. अध्ययन विधि

३. नतिजा र छलफल

४. निष्कर्ष र सुझाव

आभार (यदि आभार व्यक्त गर्नुपर्ने छ भने)

बागमती प्रदेश सरकार
# प्रदेश नीति तथा योजना आयोग
हेटौंडा, मकवानपुर, नेपाल

बागमती प्रदेश सरकार
प्रदेश नीति तथा योजना आयोग
हेटौंडा, नेपाल

अधिकृत स्तर
नवौं तह

सन्दर्भ सूची

**४. फन्ट, स्पेसिङ, उद्धरण आदि:**

*फन्ट र यसको आकारः*
अङ्ग्रेजी भाषाको लागि टाइम्स न्यू रोमन फन्टको प्रयोग गर्नुपर्नेछ। जसमा, फन्टको आकार लेखको शीर्षकमा १६, उपशीर्षकमा १४ र अनुच्छेदमा १२ हुनुपर्नेछ। नेपाली भाषाको लेखको हकमा, युनिकोड फन्टको प्रयोग गर्दा कालिमाटी फन्टको प्रयोग गर्नुपर्नेछ । जसमा, फन्टको आकार लेखको शीर्षकमा १४, उपशीर्षकमा १२ र अनुच्छेदमा १० हुनुपर्नेछ । प्रिति फन्ट प्रयोग गर्दा भने फन्टको आकार शीर्षकमा १८, उपशीर्षकमा १६ र अनुच्छेदमा १३ हुनुपर्नेछ ।

*लाइन स्पेसिङः* १.१५ हुनुपर्नेछ।

*मार्जिनः* १ इन्च सबैतिर हुनुपर्नेछ ।

*पृष्ठ सङ्ख्याः* शीर्षकदेखि सन्दर्भ सूचीसम्मको सबै पानाको पुच्छारको दायाँ कुनामा पृष्ठ सङ्ख्या उल्लेख गर्नुपर्नेछ।

*उद्धरण र सन्दर्भसामग्रीः* उद्धरण र सन्दर्भ सामग्रीको उल्लेख गर्दा एपीए शैलीलाई अवलम्बन् गर्नुपर्नेछ ।

*संक्षिप्त रूप र सङ्केतः* पहिलो पटक शब्दहरूको संक्षिप्त रूप प्रयोग गर्दा पूरा शब्दहरू समेत उल्लेख गर्नुपर्नेछ। “@”र“&” जस्ता सङ्केतहरू प्रयोग नगर्नुहोस् ।

**५. लेखन मार्गदर्शन**

*शीर्षकः* लेखको शीर्षक संक्षिप्त, साधारण, सूचनामूलक र सजिलै बुझ्न सकिने किसिमको हुनुपर्छ । शीर्षकमा १२ वटाभन्दा बढी शब्दहरूको प्रयोग हुनु हुँदैन र शब्दहरूको संक्षिप्त रूप प्रयोग गर्नु हुँदैन।

लेखकः लेखकले आफ्नो पूरा नाम, ठेगाना (हालको आबद्धता र पद), योग्यता र सञ्चारको लागि इमेल ठेगाना उल्लेख गर्नुपर्नेछ । यदि एकभन्दा बढी लेखकहरूको लेख हो भने सह(लेखकहरूको नाम, ठेगाना र इमेल ठेगाना छुट्टै उल्लेख गर्नुपर्नेछ।

*सारः* लेखको सार २५० शब्दभित्रको हुनुपर्नेछ जसमा उद्देश्य, विधि, नतिजा, निष्कर्ष र सुझावहरूको सार समावेश भएको हुनुपर्नेछ। शब्दहरूको संक्षिप्त रूप र सन्दर्भको प्रयोग गर्नु हुँदैन। यसलाई एउटै अनुच्छेदमा लेख्नु पर्नेछ।

*प्रमुख शब्दहरूः* लेखको समग्र आशय र मुख्य विषयवस्तुको प्रतिनिधित्व हुने गरी ३ देखि ५ वटा सम्म मुख्य शब्दहरू चयन गर्नु पर्नेछ । उक्त शब्दहरूलाई वर्णानुक्रम अनुसार उल्लेख गर्नु पर्नेछ।

टेलिफोन ०५७-५२५१३१/५२३६८९/५२४८४५, Email: pradeshyojanahtd@gmail.com, Website:http://pppc.bagamati.gov.np

बागमती प्रदेश सरकार

# प्रदेश नीति तथा योजना आयोग

बागमती प्रदेश सरकार प्रदेश नीति तथा योजना आयोग हेटौंडा, नेपाल

हेटौंडा, मकवानपुर, नेपाल

अधिकृत स्तर
नवौं तह

*परिचयः* यस खण्डमा कम्तिमा पनि लेखले उठान गर्न खोजेको विषयको सन्दर्भ, अवस्था, विषय क्षेत्रमा देखिएको अपूर्णता र उद्देश्य समेट्नु पर्नेछ । शीर्षकको महत्त्वलाई जोड दिंदै लेखाइ सकेसम्म साधारण, स्पष्ट र सजिलै बुझ्न सकिने खालको बनाउनु पर्नेछ।

*अध्ययन विधिः* अध्ययनको प्रकृति, तथ्याङ्कको प्रयोग र विश्लेषणको विधिलाई ध्यानमा राखी लेखको अध्ययन सामग्री र विधिलाई संक्षिप्त र स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ ।

*नतिजा र विश्लेषणः* यसमा अध्ययनबाट प्राप्त नतिजालाई प्रस्तुत गरी सो को विश्लेषण गर्नु पर्नेछ । तथ्याङ्कलाई तालिका, ग्राफ र चार्टमध्ये जुन बढी उपयुक्त हुन्छ सोही रुपमा प्रस्तुत गर्नुपर्नेछ र सो मा अभिव्यक्त मानहरूको अर्थ र त्यसको व्याख्या स्पष्ट शब्दमा गर्नुपर्नेछ । नतिजाहरू प्रस्तुत गर्दा अध्ययनको उद्देश्यसँग मेल खाने गरी गर्नुपर्नेछ।

*निष्कर्ष र सुझावहरूः* पहिचान गरिएको विषय क्षेत्रमा रहेको अपूर्णता र अध्ययनको उद्देश्यलाई ध्यानमा राखी अध्ययनको निष्कर्ष तथा सुझावहरूलाई सारांशमा प्रस्तुत गर्नुपर्नेछ ।

*आभारः* लेख तयार गर्नको लागि योगदान गर्ने संस्था र व्यक्तिहरूलाई (यदि छन् भने)वहाँहरूको योगदानलाई कदर गर्दै लेखकले धन्यवाद तथा आभार प्रकट गर्न सक्नेछ ।

*सन्दर्भ सूचीः* सन्दर्भ सूची तयार गर्दा एपीए (अमेरिकन साइकोलोजीएसोसिएन) शैलीमा तयार गर्नुपर्नेछ ।

**सम्पर्कः**

अमृत कुमार श्रेष्ठ
मोबाइल नं.: ९७६७४९०७७७
इमेलः *shresthaami149@gmail.com*

पुष्कल श्रेष्ठ
मोबाइल नं.: ९८५११९०९१६
इमेलः *pushkal.contact@gmail.com*

बागमती प्रदेश सरकार
# प्रदेश नीति तथा योजना आयोग
अधिकृत
नवौं तह
हेटौंडा, मकवानपुर, नेपाल

## Request to Authors

The **Province Policy and Planning Commission (PPPC), Bagamati Province**, is pleased to announce the publication of the **fifth issue** of the *Pradesh Vikas Journal*. We invite researchers, academicians, and professionals to submit their valuable research articles for consideration by March 28, 2025 (Chaitra 15, 2081 B.S.) by email to pradeshyojanahtd@gmail.com.

Depending on expertise of the author, the article may concentrate on any of the field: governance reform, revenue mobilization, infrastructure development, education, health, food security, nutrition, labor and employment, socio-economic empowerment, entrepreneurship development, drinking water, energy, irrigation, agriculture, livestock, forestry, environment, climate change, disaster management, youth and sports, land management, cooperatives, poverty alleviation, industry, commerce, trade and supply, culture, tourism, statistical management, planning, policy implementation, and monitoring and evaluation etc. Articles that analyze the development activities of the **Bagamati Province Government**, including the effectiveness of existing sectoral policies and plans, as well as their implementation, will be given preference.

Please visit the 'Guidelines to the Authors' prior to writing the article either by downloading from commission's website or sending request to above email addresses.
Thank you
The Editor, Pradesh Vikas Journal

## Guidelines to Authors

### The Editorial Process

Authors are requested to visit this guideline first, before preparing and submission of the article. The Editorial Board will examine the format of the selected manuscript and will inform the author for the changes, if necessary. After submission, the article will go through a rigorous review process. The Editorial Board will send it for blind peer review by a relevant expert. Upon receiving the reviewer's feedback, the author must revise the article accordingly and resubmit the corrected version to the Board within one week of receiving the comments. The board will further proceed the finally reviewed articles for the publication. The Editorial Board will be responsible to ensure quality of the articles published in the journal.

### Manuscript submission

Before the submission of the manuscript, the author should take permission from the authorized institution as well as co-authors (if any). Author/s wishing to include figure, table or passages should have permission from the copyright owner/s. The study must be original work. Plagiarism less than 5 per cent will be acceptable.

बागमती प्रदेश सरकार

# प्रदेश नीति तथा योजना आयोग

हेटौंडा, मकवानपुर, नेपाल

**General Outline of the Article**

The general outline of the article is as follows:

Title

Abstract

Key Words

1. Introduction
2. Methodology
3. Results and Discussion
4. Conclusion and Recommendation

Acknowledgement (If any)

References

**Formatting**

Font and Size: Times New Roman font, font size 16 for title, font size 14 for sub-headings, and 12 for texts for English. For Nepali, Kalimati (Unicode) font: font size 14 for title, font size 12 for sub-heading, 10 for text or for Preeti (non-Unicode) font: font size 18 for title, font size 16 for sub-headings, and 13 for texts.

**Line Spacing:** 1.15

**Margin:** 1″ margins on all sides.

**Page Number:** Page number should be in the right bottom corner of the page in every page of the paper, starting from the title page to the References page.

**Citation and References:** Citation and references must be prepared by following APA style.

**Abbreviations:** Abbreviations must be full spelled when it first appears in the text. Do not use "@"and "&" in the text.

**Guidelines for the Contents**

TITLE: The title of the article should be brief, simple, informative, and understandable. Length of the title should not be more than 12 words and no abbreviations should be used in the title.

AUTHOR: The author should give full name, address (current affiliation and position), qualification and email address for communication. If there are more than one author, the name and email of the corresponding authors should be written separately in the article.

ABSTRACT: The abstract should be a single paragraph and must not exceed 250 words. It should provide a concise summary of the purpose, methods, results, conclusions, and recommendations of the article. Abbreviations and citations are not allowed in the abstract.

KEY WORDS: The author should select and include 3 to 5 keywords that accurately represent the main theme and content of the article. The keywords should be listed in alphabetical order.

बागमती प्रदेश सरकार

# प्रदेश नीति तथा योजना आयोग

अधिकृत स्तर
नवौं तह

हेटौंडा, मकवानपुर, नेपाल

INTRODUCTION: This section should clearly present the context, current status, existing gaps, and objectives of the study. The writing should be simple, clear, and easy to understand, while emphasizing the importance of the topic.
METHODOLOGY: The author should describe the methodology very briefly and clearly depending on the nature of the study, data and analysis. The author should provide a brief and clear description of the methodology, considering the nature of the study, data, and analysis.
RESULT and DISCUSSION: The results of the study should be presented in this section. To enhance clarity, data should be showcased using tables, graphs, or charts, selecting the most appropriate format for strong evidence. Additionally, numerical values should be interpreted and summarized within the text, ensuring that the findings directly correspond to the research objectives.
CONCLUSSION and RECOMMENDATION: The author should critically summarize the conclusions and recommendations, ensuring they align with the identified gaps and objectives of the study.
ACKNOWLWDGEENTS: The author could thank and mention those institutions and persons who contributed to the accomplishment of the study.
REFERENCES: APA (American Psychological Association) style must be followed.

**Contact:**

Amrit Kumar Shrestha
Mobile No.: 9767490777
Email: *shresthaami149@gmail.com*

Pushkal Shrestha
Mobile No.: 9851190916
Email: *pushkal.contact@gmail.com*